प्रदेश सभाको बैठकमा

माननीय प्रदेश प्रमुख डा.राजेश झा अहिराजज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०७८/०७९ को

# प्रदेश सरकारको नीति तथा कार्यक्रम

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. २

जनकपुरधाम

मितिः- २०७८/०२/२७

**माननीय सभामुख,**

**माननीय सदस्यहरु,**

१. कोभिड-१९ को पहिलो र दोस्रो लहरले मानव जीवन र अर्थतन्त्रमा परेको विषम प्रभावको यस कठिन परिस्थितिमा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु परेको छ ।

२. जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश जनविद्रोह र मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनहरुबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनामा आफ्नो ज्यान न्यौछावर गर्नु भएका सम्पूर्ण वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

३. कोभिड-१९ को महामारीको कारण आर्थिक वर्ष २०७६/२०७७ देखि नेपाल लगायत विश्वमा नै आर्थिक गतिबिधिमा ह्रास आएको छ । यस महामारीबाट लाखौं मानिसहरुले ज्यान गुमाएका छन् भने करोडौ मानिसहरु संक्रमित भएका छन् । कैयौं व्यक्तिहरुले रोजगारी गुमाएका छन् र उद्योग व्यवसाय नियमित संचालन गर्न सकिएको छैन् । यस परिस्थितिमा विकासका गतिविधिहरु भन्दा मानवीय स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिएको छ ।

४. यस महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाएका नेपाली नागरिक र विदेशी नागरिकहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. यस संकटको घडीमा आफ्नो ज्यानको जोखिमलाई परवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, सफाइकर्मी, एम्वुलेन्स चालक लगायत यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण राष्ट्रसेवक, जनप्रतिनिधि एवं सामाजिक संघ संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

६. प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालिन क्षेत्रगत नीतिहरु र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरु, कोभिड-१९ ले पारेका प्रभाव न्युनीकरण, प्रदेश सरकारको प्रथम पञ्चबर्षिय योजना, मध्यमकालीन खर्च संरचना, चालु आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ ।

७. यो नीति तथा कार्यक्रममा कोभिड-१९ महामारीले यस प्रदेशको आर्थिक गतिविधीमा ल्याएको ह्रास र जोखिमहरु न्यूनिकरण गर्न, प्रभावित जनतालाई राहत प्रदान गर्न तथा माहामारी र सो का कारण प्रदेश भरी लगाइएको पूर्ण तथा आंशिक बन्दाबन्दीले सृजना गरेका समस्याहरुलाई सम्वोधन गरी अर्थतन्त्रलाई पुनर्सुदृढीकरण गर्न आगामी वर्ष अवलम्वन गरिने रणनीतिहरु तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु ।

**माननीय सदस्यहरु,**

८. कोभिड-१९ महामारीले सृजित जनस्वास्थ्यसँग सम्वन्धित जोखिम कम गर्न स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गरी आवश्यकतानुसार गुणस्तरयुक्त क्वारान्टाईन केन्द्रहरु र आईसोलेशन केन्द्रहरु स्थापनाको साथै जनकपुरधामको मुजेलियास्थित मणिपाल शिक्षण अस्पतालमा कोभिड अस्पताल तथा आइसोलेशन केन्द्र निर्माण कार्यलाई तिव्रता दिइएको छ।मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा प्रदेशिक अस्पताल जनकपुरधाम लगायत अन्य जिल्ला अस्पतालहरुमा भेन्टिलेटरको सुविधा सहितको उपचारको व्यवस्था गरिएको छ। अस्पतालहरुमा अक्सिजनको अभाव हुन नदिने व्यवस्था मिलाइएको छ।कोभिड-१९ दोस्रो लहरलाई मध्यनजर राख्दै अस्पतालहरुमा आवश्यक संख्यामा स्वास्थ्यकर्मीको दरबन्दी थप गरिएको छ ।जोखिममा रहेका व्यक्तिहरुको

पहिचान, पी.सी.आर. तथा एन्टिजेन विधिबाट परीक्षण र रोग संक्रमित व्यक्तिको उपचार कार्यमा प्रदेश सरकारले सबै खालको सहयोग पुर्‍याइरहेको छ ।

९. कोभिड-१९ महामारी नियन्त्रण र उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीहरु, अस्पताल संरचनाहरु तथा उपकरणहरुको यथासमय खरिद, निर्माण र सर्वसुलभ उपलव्धतामा जोड दिइरहेको छ र सो कार्यलाई थप निरन्तरता दिइनेछ । कोरोना मात्रको उपचार गर्ने अस्पतालहरु छुटयाउने, अरु अस्पतालमा कोरोना बेड छुटयाउने, ज्वरो क्लिनिकहरु छुटयाउने, आईसीयु बेडहरु थप्ने, रेस्पिरेटर र भेन्टिलेटरहरु पुग्दो मात्रामा उपलव्ध गर्ने र स्वास्थ्य संकट टार्न तात्कालिक उपचार केन्द्र/अस्पतालहरु निर्माण गर्ने तथा आवश्यक थप जनशक्तिको व्यवस्थापन गर्ने कामलाई निरन्तरता दिई प्रदेशवासीलाई गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकार संवेदनशील रहनेछ । संक्रमण बढी देखिएका गाँउ, टोल वस्ती तथा शहरहरुमा शतप्रतिशत पी.सी.आर तथा एन्टिजेन परीक्षण बढाइनेछ ।

१०. कोभिडको प्रभावलाई न्यूनिकरण गर्न संघ र स्थानीय सरकारसंग समन्वय गरी प्रदेशमा कोभिड विरुद्धको खोपको व्यवस्थापन गरी सबै प्रदेशवासीलाई खोपको सुविधा उपलब्ध गराइनेछ । यस्तै प्रकोप तथा महामारीबाट हुने मृत्युदर कम गर्न सुविधायुक्त प्रदेश स्वास्थ्य आपतकालीन केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

११. प्रदेशका ८ वटै जिल्ला नै छिमेकी देश भारत सँग खुला सीमा भएको र रोजगारी लगायत विभिन्न कामको सिलसिलामा भारतसँगको आवत जावत नियमित र निरन्तर हुने हुनाले कोभिड जस्ता भाइरसयुक्त सरुवारोग नियन्त्रणका लागि आवश्यकतानुसार संघीय सरकार तथा स्थानीय तहको समन्वयमा Boarder Health Service लाई सुदृढिकरण गर्नका लागि प्रदेश २ का प्रमुख अन्तर्राष्ट्रिय सीमा नाकाहरुमा Health

Desk स्थापना गरी स्वास्थ्यकर्मी मार्फत नियमित रुपमा स्वास्थ्य जाँच सेवा तथा निगरानी बढाइनेछ ।

१२. कोरोना प्रभावितको उपचारमा प्रत्यक्ष संलग्न तथा सो सँग सम्बन्धित जिम्मेवारीमा रहेका सवै कर्मचारीहरुका लागि स्वास्थ्य बीमा सुविधा लगायतका उत्प्रेरणात्मक कार्यक्रमहरु ल्याइनेछ । यस कार्यमा तत्काल सेवामा जुट्न सक्ने दक्ष जनशक्ति र स्वयंसेवकहरुको आपूर्ति निजी र गैरसरकारी क्षेत्रहरुबाट समेत गरिनेछ । कोरोना नियन्त्रण र उपचारका लागि सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१३. नियमित खोप सेवा सजगता अपनाई सुचारु गरिने छ । पूर्ण सुरक्षित मातृत्व प्रदेशको अवधारणा अनुरुप स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पतालहरुमा क्रमशः सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर निर्माण तथा बिस्तार गरिनेछ । घरमा गई विशेष स्वास्थ्य Antenatal Care, Postnatal Care आदि सेवा दिने कार्यक्रम संचालन गरिने छ । संघ तथा स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा **पूर्ण सुरक्षित मातृत्व प्रदेश र पूर्ण खोपयुक्त प्रदेश** घोषणा गर्ने गरी अभियान कै रुपमा सघन कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. शल्यक्रिया सुविधा सहितको घुम्ती विशिष्टकृत स्वास्थ्य र ल्याव सेवा शिविर नियमित रुपमा संचालन गरिनेछ । महामारी तथा आकस्मिक रोगहरुको उपचारका लागि प्रादेशिक तथा जिल्ला अस्पतालहरुमा विशेष व्यवस्था मिलाइनेछ ।

१५. प्रदेश गौरवको आयोजनाको रुपमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भैसकेको छ । प्रतिष्ठानलाई स्वास्थ्य क्षेत्रको विशिष्ट अध्ययन अनुसन्धान गर्ने क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ र प्रतिष्ठानमा आगामी आर्थिक वर्ष भित्र अध्ययन अध्यापन कार्यको शुरुवात गरिनेछ । साथै प्रादेशिक अस्पताल जनकपुरधामलाई ५०० शैय्या

सहितको अत्याधुनिक विशिष्टीकृत अस्पतालमा स्तरोन्नति गरी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

१६. प्रदेशको पूर्व पश्चिम राजमार्ग अन्तर्गत बाराको पथलैया तथा सप्तरीको रुपनीमा ट्रमा अस्पताल बनाई संचालनमा ल्याइनेछ ।

१७. अस्पतालहरुमा न्युनतम सेवा मापदण्ड समेतका आधारमा कार्य सम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागु गरी गुणस्तरीय सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

१८. प्रादेशिक अस्पतालमा क्यान्सर रोगको उपचारका लागि क्यान्सर विभागको स्थापना गरी संचालनमा ल्याइनेछ । क्यान्सर, मृगौला डायलोसिस लगायतका नसर्ने प्राणघातक रोगहरु (Non Communicable Diseases) बाट पीडित विरामीहरुका लागि विशेष सहायता प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१९. दलित सशक्तिकरण ऐनले व्यवस्था गरेको प्रदेश भित्रका दलित लगायत सीमान्तकृत तथा बिपन्न परिवारहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ ।

२०. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक तथा अन्य परम्परागत उपचार पद्धतिको अध्ययन अनुसन्धान तथा विकास गरिनेछ । यसका लागि प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सा अनुसन्धान केन्द्र स्थापना गरिनेछ । आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी र गुणस्तरीय बनाइनेछ । स्थानीय तहमा क्रमशः स्वास्थ्य तथा नागरिक आरोग्य केन्द्र स्थापना तथा नियमित संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदैं सन्तुलित, पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम तथा प्रदर्शनीहरु संचालन गरी पौष्टिक खानेकुरा खानेबानीको विकास गरी प्रदेशलाई कुपोषणमुक्त प्रदेश बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

कुपोषणबाट ग्रसित बालबालिकाहरुको उपचारको लागि प्रत्येक जिल्लाको जिल्ला अस्पतालहरुमा पोषण पुनर्स्थापना गृह संचालनमा ल्याइनेछ ।

२२. गुणस्तरीय स्वास्थ्य सेवा तथा दक्ष जनशक्तिको लागि तालिमका बिशेष कार्यक्रमहरु ल्याइनेछ ।

२३. गुणस्तरीय प्रयोगशाला सेवाको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक भवन, उपकरण सहित आठै जिल्लाका प्रयोगशालाहरुको सुदृढिकरण गरिनेछ ।

२४. प्रदेशको समग्र स्वास्थ्य क्षेत्रमा सुधारको लागि प्रदेश स्वास्थ्य नीति ल्याइनेछ । सुर्तीजन्य पदार्थ, मादक पदार्थ सेवन तथा लागू औषध न्यूनिकरण गर्न विशेष नीति ल्याई कार्यान्वयनमा ल्याइनेछ । स्वास्थ्य क्षेत्रमा सुशासन र पारदर्शिता कायम गर्न अस्पताल सेवा लगायतका कार्यहरुको विवरणलाई विद्युतीय अभिलेख र प्रतिवेदन गर्ने कार्यको थालनी गरिनेछ ।

२५. स्वास्थ्य सामग्रीको पहुँच तथा उपलब्धताको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई अत्याधुनिक भवन सहितको समग्रीका लागि विशेष कार्यक्रम ल्याइनेछ । प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा भएका उपकरणहरु मर्मत तथा सम्भार कार्यका लागि Bio-Medical Engineering प्रयोगशाला स्थापना गरिनेछ ।

२६. गुणस्तरीय स्वास्थ्य सेवाको लागि जलेश्वर, लहान, भारदह, पोखरिया र डुमरिया अस्पताललाई स्तरोन्नति गरिनेछ । धनुषा नगराईनको शहिद दुर्गानन्द झा अस्पताल निर्माणलाई निरन्तरता दिदै ५० शैय्या सहितको बाल अस्पतालको रुपमा विकास गरिनेछ । यसका साथै बारा जिल्लाको सिम्रौनगढमा पचास शैयाको अस्पतालको स्थापना गरिनेछ ।

२७. प्रदेशको शैक्षिक मार्गदर्शनको रुपमा प्रदेश शिक्षा नीति तय गरिनेछ र प्रादेशिक शिक्षा गुरुयोजना निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ । सार्वजनिक विद्यालयमा गुणस्तर

सुधारका लागि सूचकमा आधारित गुणस्तर मापन गर्ने कार्यको थालनी गरिनेछ । प्रत्येक जिल्लामा स्रोत साधन सम्पन्न प्रविधिमैत्री दक्ष जनशक्ति युक्त एक/एक वटा नमूना विद्यालयहरु स्थापना गरिनेछ । नमूना विद्यालय संचालनका लागि विभिन्न प्रतिष्ठित विद्यालयहरुसँग अनुभव आदान प्रदान कार्यक्रम संचालन गरी आर्जन हुने ज्ञानलाई नमूना विद्यालयहरुमा लागु गरिनेछ ।

२८. विद्यालयहरुलाई पूर्वाधारमैत्री विद्यालय बनाउन बालमैत्री कक्षा कोठा, छात्रा शौचालय, खेलमैदान र इन्टरनेट सुविधा सहितको पुस्तकालय स्थापनालाई निरन्तरता दिइनेछ । प्रत्येक जिल्लामा एक/एक वटा नमूना पुस्तकालयहरु निर्माण तथा विस्तार गरिनेछ । प्रदेश स्थित संस्कृत बिद्यालयहरुलाई सुदृढीकरण गर्न विशेष सहयोगको कार्यक्रम ल्याइनेछ । प्रदेश प्रमुख नैतिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. स्थानीय तहहरुमा सञ्चालित नमूना वालविकास श्रोत केन्द्रहरुलाई विज्ञ समूह सम्मिलित नमूना वालविकास स्रोत केन्द्रको रुपमा विस्तार गरिनेछ ।साथै मातृभाषामा नेपाल परिचय अध्ययन अध्यापन गराइनेछ ।

३०. व्यवहारमुखी र प्रविधिमुखी शिक्षा विकासको लागि प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एक प्राविधिक विद्यालयको स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बीरगंजमा बिज्ञान तथा प्रविधि विश्वविद्यालय, सप्तरीमा कृषि विश्वविद्यालय, धनुषा जिल्ला लाई सम्भावित शैक्षिक हवको रुपमा विकास गर्नकालागि विस्तृत अध्ययन गरी आवश्यक कार्यको थालनी गरिनेछ । प्राविधिक शिक्षालाई निजी क्षेत्रको सहयोग र समन्वयमा रोजगारीसंग जोडिनेछ ।

३१. फरक क्षमता भएका वालवालिका सम्बन्धी प्रादेशिक नीति तय गरिनेछ । फरक क्षमता भएका वालवालिकाको शिक्षामा पहुँच सुनिश्चितताको लागि छात्रावास र आवश्यक थेरापी सुविधा सहितको विशेष विद्यालयहरु निर्माण तथा विस्तार गरिनेछ ।

३२. विद्यालय नर्स सहयोग कार्यक्रमलाई थप विद्यालयमा समेत विस्तार गर्ने गरी निरन्तरता दिइनेछ ।

३३. उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति, दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका शहिद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३४. सामुदायिक पुस्तकालयहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रमलाई निरन्तरता दिइनेछ । जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिनेछ । प्रदेशमा रहेका ऐतिहासिक पुस्तकालयहरुको स्तरोन्नती गरिनेछ ।

३५. कोभिड-१९ को कारणले रोजगारी गुमाएका युवाहरुका लागि "मुख्यमन्त्री युवा स्वरोजगार तथा उद्यम विकास" कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. रोजगारी सिर्जना गर्न सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिनेछ ।

३७. विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउन स्थानीय तहसंग समन्वय, सहकार्य र लागत साझेदारीमा युवा तथा महिला लक्षित छोटो तथा लामो अवधिको सीप विकास तालिम कार्यक्रमहरु संचालन गरिनेछ र युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइनेछ । बीरगंज, जनकपुरधाम, र राजविराजमा सिप विकास केन्द्र खोल्ने कामलाई अगाडि बढाइनेछ।

३८. रोजगार सूचना केन्द्रलाई ब्यवस्थित तुल्याई सुरक्षित आप्रवासनका लागि विशेष प्याकेजका कार्यक्रम ल्याइनेछ ।

३९. प्रदेशमा खेलकूदको विकासका लागि संघीय सरकारको समन्वय र सहकार्यमा आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

४०. प्रदेशमा खेलकूद गतिविधि बढाउन र प्रतिभावान खेलाडी छनौट गरी सबै खेलविधाको खेल टोली निर्माण गर्न मुख्यमन्त्री रनिङ्ग शिल्ड संचालन गरिनेछ । राष्ट्रिय खेलहरु तथा प्रदेश नं. २ का लोकप्रिय तथा लोपोन्मुख खेलहरुलाई प्राथमिकता दिई खेलकूदको विकासका कार्यक्रमहरु संचालन गरिनुका साथै कवर्डहल तथा रङ्गशालाहरुको स्तरोन्नति गरिनेछ ।

४१. प्रदेश भित्रका युवा शक्तिहरुको क्षमता र योग्यताको कदर स्वरुप प्रदेश युवा नीति तर्जुमा गरिनेछ ।

४२. जेष्ठ नागरिकको सुरक्षा सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोगको कार्यक्रम ल्याइनेछ र मनोरन्जनको लागि दिवासेवा केन्द्रहरु सञ्चालन गरिनेछ । अनाथालय, बालमन्दिर र बृद्धाश्रमलाई सयुक्त रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

४३. कोभिड-१९ बाट प्रभावित सबैलाई मनोसामाजिक परामर्श सेवा उपलव्ध गराइनेछ ।

४४. प्रदेशको वालवालिका सम्बन्धी ऐन, २०७६ लाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ र स्थानीय तहसँगको सहकार्यमा **वालश्रम मुक्त तथा सडक वालवालिका मुक्त प्रदेश** बनाउने अभियान संचालन गरिनेछ ।

४५. महिला सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरुलाई विकासको मूल प्रवाहीकरणमा ल्याइनेछ । महिला सशक्तिकरणको लागि सारभूत लैङ्गिक नीति तय गरिनेछ। हिंसामा परेका महिलाको तत्कालिन सुरक्षाको लागि प्रदेशभित्र सेफ हाउसको निर्माण गरी संचालन गरिनेछ ।

४६. प्रदेश भित्र रहेका विपन्न दलितहरुलाई लक्षित गरी दलित छात्रवृत्ति र रासन कार्ड योजना कार्यान्वयनमा ल्याइनेछ । साथै प्रदेशका डोम, हलखोर, मेस्तर र मुसहर

जातिका परिवारलाई जीविकोपार्जनका लागि बिशेष प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।

४७. मधेश र मधेशी केन्द्रित पहिचान र सम्मान वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । विभिन्न जातीय तथा सामुदायिक पहिचानलाई संरक्षण गर्न "प्रदेश भाषा, कला तथा संस्कृति प्रतिष्ठान" स्थापना गरिनेछ भने प्रदेश भित्रका मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि प्रादेशिक संग्रहालय स्थापना गरिनेछ । साथै प्रदेशको सामाजिक सांस्कृतिक विविधतालाई सम्पदाको रुपमा आत्मसात गर्दै यी विविधताहरुको पहिचान, संरक्षण र उत्थान मार्फत बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समाजको निर्माण गरी सामाजिक तथा राष्ट्रिय एकतालाई मजबुत पारिनेछ ।

४८. मधेशको Culinary भोजन, पेयपदार्थ र खाद्यजन्य पहिचानको प्रवर्द्धन गर्न पाकशाला गठन गरिनेछ । नीजि क्षेत्रको समन्वय र सहकार्यमा यहाँको परम्परागत विशिष्ट पहिचान भएको खानेकुराको प्रचार प्रसार विश्व स्तरमा गरिनेछ ।

४९. सँस्कृति संरक्षण र सम्वर्द्धनका लागि ऐतिहासिक, पूरातात्विक, साँस्कृतिक, धार्मिक महत्वका पूर्वाधारको निर्माण, संरक्षण र सम्बर्धनका लागि बिशेष कार्यक्रम ल्याइनेछ । बारा जिल्लाको सिम्रौनगढमा प्रदेश स्तरीय साँस्कृतिक संग्रहालय स्थापना गरिनेछ ।

**माननीय सदस्यहरु,**

५०. भूमि व्यवस्थापन, जग्गाको नाप नक्सा तथा अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न आवश्यक कानूनको तर्जुमा गरिनेछ । प्रादेशिक भू-उपयोग योजना तर्जुमा कार्य प्रारम्भ गरिनेछ । आगामी आ.व. मा प्रत्येक जिल्लाबाट एक/एक वटा स्थानीय तह छनौट गरी आठवटा स्थानीय तहको प्रादेशिक भू-उपयोग योजना तर्जुमा गरिनेछ ।

५१. पचासौं वर्ष पूरानो भू-अभिलेखको आधारमा प्रदेश भित्र जग्गा प्रशासन सम्बन्धि सेवा सञ्चालन भैरहेको हुँदा भूमि व्यवस्थापन क्षेत्रलाई परिष्कृत गर्न Title Registration

System (हकदावी प्रणाली) अवलम्वन गरी प्रविधियुक्त जग्गा नापनक्सा कार्य प्रारम्भ गरिनेछ । जग्गा प्रशासन क्षेत्रमा दक्ष जनशक्ति परिपूर्ति गर्न आवश्यक व्यवस्था गरिनेछ । प्रदेश स्तरमा "नापनक्सा निर्देशनालय" एवं "नापनक्सा प्रशिक्षण तथा अनुसन्धान केन्द्र" गठन कार्य अघि बढाइनेछ । साथै प्रदेशमा भूमि व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५२. कृषक, विपन्न, गरिब, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेस आन्दोलनका सहिद र घाइते परिवारको आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुर्‍याउन "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

५३. धान, गहुँ र मकै, फलफुलमा आँप, केरा र कागती, औद्योगिक वालीमा उखूवालीको उत्पादन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ । साथै प्रदेशको अनुकूलता बमोजिम व्यवसायिक महत्वका तरकारी र मसला, पुष्पखेती, पोषणयूक्त बालीहरु ओल, सोहिजन, अनार, मेवा, च्याउ लगायतका व्यवसायिक खेतको प्रवर्द्धन गरिनेछ ।

५४. एकीकृत कृषि उत्पादन प्रणालीमा केन्द्रित रही सहकारी खेती (Cooperative farming) र करार खेती (Contract Farming) , सहकारी करार खेती (Cooperative Contract Farming), सामूहिक खेती (Group Farming) र चक्लावन्दी खेती मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रम संचालन गरिनेछ ।

५५. निजी क्षेत्रको सहभागीता तथा सहकार्यमा फलफुल, तरकारी र कृषिवन प्रणालीका लागि गुणस्तरीय मौसमी वा बहुवर्षिय विरुवाहरु उत्पादन गर्ने हाइटेक नर्सरी स्थापना गरिनेछ । कृषिवन प्रणालीको विकास र प्रवर्द्धनद्वारा चुरेको संरक्षणमा विशेष सहयोग पुर्याइनेछ । साना उत्पादक किसानहरुलाई व्यवसायिक रुपमा उत्पादन गर्न ग्रीनहाउस र नेट हाउस संचालनमा सहयोग गरिनेछ ।

५६. बाली र वस्तु परिवेशमा सन्तुलन कायम राख्न  एकिकृत शत्रुजीव व्यवस्थापन, जलवायु मैत्री कृषि प्रविधि विस्तार, कृषि जैविक विविधता, प्राकृतिक जलाशय संरक्षण कार्यक्रमहरु संचालनमा जोड दिइनेछ । माटोको उर्वरा शक्ति व्यवस्थापन गर्न माटो स्वास्थ्य प्रवर्द्धन (Soil Health Promotion Program) गर्न आवश्यक क्षमता विकास गरिनेछ । माटो परीक्षणका लागि घुम्ती प्रयोगशालाको व्यवस्था गरिने छ। बीउको माग सम्वोधन गर्न बीज वृद्धि कार्यक्रम संचालन गरिनेछ ।नयाँ प्रविधिमा आधारित सिँचाई प्रणालीको विकास गर्न फोहोरा सिंचाइ, पोखरी सिँचाई र थोपा सिँचाई जस्ता कार्यलाई संचालनमा ल्याइनेछ ।

५७. बालीनाली र पशु वस्तुका महामारी रोग र हानीकारक कीराहरुको प्रकोप फैलिन नदिई तत्काल स्थलगत रुपमा महामारी नियन्त्रणका लागि पशुपंक्षी घुम्ती सेवा (Veterinary Mobile Van) सहितको रैपिड रेस्पोन्स टिमको परिचालन गर्न स्थानीय तहसँग सहकार्य गरी आकस्मिक व्यवस्थापन गर्न पहल गरिनेछ ।

५८. कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यक्रमहरु कृषि उत्पादनको मूल्य श्रृङ्खलामा कृषकहरुको भूमिका (Leverage) बृद्धि केन्द्रित हुनेछ । कृषक र उद्यमीलाई व्यवसायिक कृषिको लागि बैंकको ऋण, व्याज, कृषि सामग्री, ढुवानीको लागि वाहन लगायतका कृषियन्त्र र भौतिक पुर्वाधार (तरकारी र फलफूल बजार स्थल निर्माण, संचयको वेयरहाउस, कोल्ड स्टोरेज/कोल्डरुम) स्थापना गर्न अनुदान  प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५९. वैदेशिक रोजगारीबाट फर्केका वा स्वदेशमै उद्यम गर्न उत्साहित युवाहरुलाई प्रोत्साहन गर्न "नवप्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

६०. विभिन्न प्रकारका प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि बालीमा हुने क्षतिलाई परिपुरण गर्न कृषि बीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

६१. कृषि उत्पादन तथा बजारीकरणको निम्ति महत्वपूर्ण स्थानहरुमा कृषि सडक निर्माण, कृषि उपज संकलन, भण्डारण वा विक्री केन्द्र निर्माण, सिंचाई प्रणाली विकास, कृषि विद्युतिकरण वा कृषि मिटर जडान कार्यलाई उच्च प्राथिमकता दिइनेछ ।

६२. डिप ट्युवेल, स्यालो ट्युवेलको सुदृढीकरण तथा आधुनिकीकरण र नदीहरुको व्यवस्थापन गरी विद्यमान कृषि सिँचाई प्रणालीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ । स्थानीय स्तरमा रहेका साना सिँचाई पूर्वाधारहरु (हाल बन्द तथा सञ्चालनमा रहेको नहर, पैनी, बाँध र हेडवर्कस) लाई समुदायबाटै व्यवस्थापन हुने गरी संचालनमा ल्याइनेछ । जिल्लामा रहेका पानी सरबी तथा नदीनालाहरु (Perennial/Seasonal Water Sources) मा बाँध र पुलमुनि सुलिस गेट बनाई कुलो पैनी मार्फत सिँचाईको प्रबन्ध गरिनेछ । वर्षाको पानी संकलन र उपयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ । सतही तथा भूमिगत सिँचाई प्रणालीहरुको लागि सोलार र विद्युतीय पम्प जडान कार्यलाई प्रोत्साहित गरिने कार्यक्रम संचालन गरिनेछ ।

६३. कृषि क्षेत्रमा आधारित साना र मझौला उद्योग तथा सहकारी क्षेत्रका संस्थापनहरुलाई कर र शुल्क छुट, ऋणमा सहुलियत पूर्ण सुविधा तथा साना अनुदान कार्यक्रम संचालन गरिनेछ ।

६४. उखु कृषकहरु र चिनी उद्योगहरुको संरक्षण र सम्वर्द्धनका लागि सहजीकरण गर्न विशेष कार्यक्रमको प्याकेज तयार गरी कार्यान्वयन गरिनेछ ।

६५. प्रत्येक जिल्लाको कोरिडोरमा कृषि उपज प्रशोधन उद्योग स्थापना गर्न निजी, सहकारी र प्रदेश सरकारको सहकार्यमा विशेष कार्यक्रम ल्याइनेछ ।

६६. विदेशबाट फर्केका तथा कोरोना महामारीका कारण बैदेशिक रोजगारीबाट फर्केका स्वदेश मै उद्यम गर्न ईच्छुक उर्जावान/क्षमतावान कृषकहरुलाई तुलनात्मक लाभको दृष्टिकोणले अत्याधिक आर्थिक मुनाफा दिने बस्तु/व्यवसाय लक्षित High Volume, High Value, Farm to Fork, एक परिवार दिनको हजार जस्ता Production Model कार्यक्रमहरु संचालन गरिनेछ ।

६७. दुग्ध तथा मासु मिसन कार्यक्रम र प्रस्तावमा आधारित पशुपंछी तथा मत्स्य विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८. गुणस्तरीय उन्नत नश्लका पशुपंछी तथा मत्स्य बीज, सिमेन आदिको उत्पादनार्थ आनुवांशिक श्रोत केन्द्र, क्रायो बैंकको स्थापना, सोको उपयोगबाट माछा, मासु, अण्डा, दुध तथा दुग्धजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न पशुपंछी तथा मत्स्यनश्ल सुधार कार्यलाई निरन्तरता दिई उन्नत नश्लका पशुपंछी तथा मत्स्य बीज, सिमेन आदिको आयात तथा व्यवस्थापन गरी कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी बनाई कृषक स्तरमा सेवा सुनिश्चित गरिनेछ ।

६९. आकस्मिक सेवाको रुपमा स्थापित भेटेरिनरी सेवालाई प्रभावकारी र उपलब्धि मुलक बनाउन निर्माणाधीन भेटेरिनरी नमूना अस्पताल, धनुषालाई निरन्तरता दिदै सप्तरी र पर्सा जिल्लामा समेत भेटेरिनरी नमूना अस्पताल स्थापना गरी पशु उपचार सेवा, प्रयोगशाला सेवा, मोबाईल र आकस्मिक सेवाको व्यवस्था गरिनुको साथै प्राकृतिक प्रकोप (महामारी रोग, कीरा, प्राकृतिक विपद, आगलागी आदि) सृजित आपतविपदका कारण कृषकले बेहोर्नु परेको क्षतिको प्रभाव न्युनीकरण, राहत तथा पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ ।

७०. कृषि यान्त्रिकीकरण लगायतका नवीनतम प्रविधिको उत्पादन, विकास र उपयोग गरी कृषि व्यवसायको प्रबर्द्धन, कृषिजन्य वस्तुको उत्पादन लागत न्युनीकरण तथा सोको उत्पादन र उत्पादकत्व बृद्धि गराउन कृषक उद्यमी/व्यवसायीको जीवन यापनको लागि दीगो तथा मूल आधार व्यवसायको रुपमा स्थापित गरिनेछ ।

७१. स्वस्थ्य पशुपंछी तथा मत्स्य उत्पादनका लागि घुम्ती क्लिनिक सेवा संचालन गरिनेछ । उपभोक्ताहरुलाई स्वच्छ, सफा, स्वस्थ्य तथा गुणस्तरीय माछा, मासु, दुध तथा दुग्धजन्य पदार्थहरुको उपलब्धता सुनिश्चित गराउन पशु बधशाला, माछा/मासु बिक्रि कक्ष, मिट मार्ट, डेरी पार्लर, डेरी पसल, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, माछा/मासु/दुध तथा दुग्धजन्य पदार्थहरुको विविधिकरण, उत्पादन पश्चातको व्यवस्थापन एवं बजारीकरणका लागि जिउँदो माछा, मासु ढुवानीको निम्ति अक्सिजन जडित भ्यान/फ्रिजर तथा इन्सुलेटेड भ्यान उपलब्ध गराई स्वच्छ बजार जस्ता सुविधाहरुको विकास गरिनेछ ।

७२. कृषिजन्य औधोगिकीकरण तथा निर्यातमुखी व्यवसाय प्रबर्द्धनमा विशेष सहयोग गरिनेछ ।

७३. सार्बजनिक निजी साझेदारीमा कृषि पर्यटन प्रबर्द्धन, नदी उकास, बगर क्षेत्र, उपयोग विहीन जग्गाको उपयोगिता वढाउन सामूहिक कृषि व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ । विद्यमान सार्वजनिक जलाशय/पोखरी, ताल-तलैया, रिजरभ्वायरहरुको संरक्षण गर्न उचित प्राविधिक सेवा तथा वित्तीय प्रोत्साहन सहित उत्प्रेरित गरिनेछ ।

७४. प्रविधि हस्तान्तरणको सशक्त माध्यमको रुपमा रहेको तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रमलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन पशुसेवा तालिम केन्द्र, जनकपुरधामलाई स्तरोन्नति गरी प्रादेशिक पशुसेवा तालिम केन्द्रको रुपमा विकास गरी

प्रदेशको लागि आवश्यक प्राविधिक जनशक्ति क्षमता अभिबृद्धि तालिमहरु संचालन गरिनेछ ।

७५. व्यावसायिक कृषक उद्यमी/व्यवसायी/सहकारी तथा प्राविधिक जनशक्तिहरुको क्षमता अभिवृद्धि तथा बृत्ति विकास तथा नवीनत्तम प्रविधिहरुको बारेमा जानकारी आदान प्रदानको लागि देश तथा विदेशमा संचालित प्रविधिहरुको स्थलगत अवलोकन भ्रमण गराई सोको अनुशरण गरी वाली/वस्तुको उत्पादन, उत्पादकत्व बृद्धि र व्यवसाय प्रबर्द्धनमा योगदान पुर्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ ।

७६. पशुपंछी, माछा तथा जलीय जीव संरक्षण, सम्बर्द्धन सम्बन्धी कानूनी संयन्त्र, श्रोत साधन र व्यवसाय प्रबर्द्धन तथा व्यवस्थापनको वातावरण सृजना गर्नका निम्ति सेवा/वस्तु बिशेष नियमन कार्यक्रमहरु संचालन गरिनेछ ।

७७. कृषक उद्यमीहरुको पहिचान र अभिलेखिकरण प्रयोजनार्थ सूचना तथा सञ्चारका नविनतम प्रबिधि (Information and Communication Technology) हरुको प्रयोग गरी तथ्याँक उत्पादन तथा व्यवस्थापन मार्फत कृषि, पशुपन्छी तथा मत्स्य विकासको गुरुयोजना, मार्गचित्र तयार गरी गुणस्तरीय कृषि तथ्याँक प्रणालीको बिकास गर्दै लगिनेछ ।

७८. सहकारिताको माध्यमबाट प्रदेशको कृषि विकास, स्वरोजगारी एवं ग्रामीण अर्थतन्त्रमा सार्थक एवं प्रभावकारी टेवा पुर्‍याउनका लागि प्रदेशको सहकारी क्षेत्रमा विद्यमान समस्या एवं चुनौतीहरुको निराकरण गर्दै सहकारी अभियानलाई थप व्यवस्थित र सुदृढ बनाउन सम्बद्ध सरोकारवालाहरुसँगको परामर्शमा “प्रादेशिक सहकारी प्रवर्द्धन नीति” तर्जुमा गरी प्रादेशिक सहकारी कानूनको तर्जुमा तथा आवश्यक संस्थागत संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

७९. प्रदेशको पालिका स्तरसम्म सहकारिता सम्बन्धी सचेतना र कार्यगत क्षमता अभिवृद्धिका लागि स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको सहभागितामा समन्वय गोष्ठी तथा सबै पालिकामा "स्थानीय सहकारी सहजकर्ता" तयार गर्न कम्तिमा स्नातक तह उतीर्ण अगुवा सहकारीकर्मीहरुलाई दुई हप्ते विशेष "सहकारीता प्रशिक्षक प्रशिक्षण" प्रदान गरिनेछ । साथै अन्तरप्रदेश सफल र अनुकरणीय सहकारी कार्यक्रमहरुको अध्ययन भ्रमण मार्फत सहकारीकर्मीहरुको सिकाई अभिवृद्धि गरिनेछ । सहकारीता प्रवर्द्धनलाई प्रोत्साहित गर्न सहकारी क्षेत्रका लागि आवश्यक संस्थागत तथा संरचनागत व्यवस्था तयार गरिनेछ ।

८०. कृषि र फलफूल उत्पादनको विशेष पकेट क्षेत्रहरु निर्धारण गरी चालु अ.व. भित्रै प्रदेशका आठ वटै जिल्लालाई समेटिने गरी कम्तीमा आठ वटा "नमूना कृषि गाउँ" को विकास गरिनेछ । साथै प्रदेश स्तरीय एकीकृत कृषि तथा पशुपंक्षी फार्म तथा प्रयोगशाला स्थापना गरिनेछ ।

८१. राष्ट्रिय कृषि अनुसन्धान परिषदसंगको सहकार्यमा प्रदेशस्तरीय कृषि अनुसन्धान संस्थाको विकास गरिने छ ।

८२. संघ सरकारको समन्वयमा धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका स्थित अधेरी खोला, कमला नदी र वफर खोलाको दोभानमा हार्भेस्ट्रिङ्ग ड्याम बनाई यस क्षेत्रमा सिचाईको व्यवस्था गरी कृषि र फलफूल खेतीलाई प्रोत्साहन र कृषि पर्यटन कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।

**माननीय सदस्यहरु,**

८३. साझेदारी वन, सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, चक्लावन, कवुलियती वन र सार्वजनिक तथा निजी वनहरुको दिगो व्यवस्थापन मार्फत वनजन्य

उद्यम तथा कृषि वनको विकास गरी वन क्षेत्रबाट रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गर्न समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

८४. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तिमा एक जलाशय/पोखरी निर्माण, मर्मत संभार तथा व्यवस्थापन गरिनेछ ।

८५. "संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन" भन्ने मार्गदर्शनलाई साकार पार्न वन क्षेत्रको प्रदेशस्तरीय गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वन श्रोतको अध्यावधिक सर्वेक्षणको नीति लिइनेछ ।

८६. "जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख" भन्ने नारालाई चरितार्थ गराउन स्थानीय तह समेतको सहकार्यमा सडक किनारमा विरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८७. जडीवुटी एवं गैह्रकाष्ठ वन पैदावारको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास, विस्तार र जडीवुटी प्रशोधन केन्द्रको स्थापना गरी व्यवसायीकरणको नीति लिइनेछ । यसका साथै निजी, सार्वजनिक तथा नदी उकास जग्गाहरु र विद्युत प्रशारण लाईन भित्र पर्ने वन क्षेत्रमा समेत पर्यापर्यटनका लागि ईको पार्क तथा जडिबुटी खेतीलाई प्रबर्द्धन गरिनेछ ।

८८. प्रदेशलाई हरित प्रदेश बनाउन गुणस्तरीय बहुवर्षिय विरुवाहरु उत्पादन गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीहरुलाई व्यवस्थापन गरिनेछ । निजी क्षेत्रका नर्सरीहरुलाई गुणस्तरीय विरुवाहरु उत्पादन र स्थानीयलाई वृक्षारोपणका लागि प्रोत्साहित गरिनेछ ।

८९. मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रम अन्तर्गत वार्षिक एक करोड विरुवा रोपणको अभियानलाई व्यापकीकरण गरिनेछ । वर, पिपल, समी, नीम लगायतका धार्मिक, साँस्कृतिक एवं पर्यावरणीय महत्वका वनस्पतिहरु समेतको रोपण तथा संरक्षण कार्यलाई विशेष अभियानको रुपमा सञ्चालन गरिनेछ । साथै प्रदेशमा पाइने विभिन्न

वनस्पतिहरुको बारेमा अध्ययन अनुसन्धान गरी प्रचुर मात्रामा पाइने उपयोगी वनस्पतिलाई प्रमुख वनस्पतिको रुपमा पहिचान गरी प्रदेश वृक्ष घोषणा गरिनेछ ।

९०. प्रदेशभित्रको वन क्षेत्र तथा सागरनाथ वन विकास परियोजनाको वनको दिगो व्यवस्थापन मार्फत काठजन्य पदार्थको उत्पादन अभिबृद्धि गरी सहज र सुलभ तरिकाबाट जनतालाई काठ दाउरा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

९१. संघीय सरकारको सहकार्यमा पर्सा राष्ट्रिय निकुञ्जलाई खुल्ला सफारी पार्कको रुपमा विकास गरी प्रकृतिमा आधारित पर्यटनको गन्तव्य बनाउँदै पर्यटकको संख्यामा बृद्धि गरिनेछ ।

९२. स्थानीय तह र अन्य सरोकारवालाहरुको सहकार्यमा ग्रामीण तथा सहरी वन विकास अभियानमा जोड दिइनेछ ।

९३. प्रदेश अन्तर्गत रहेको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण मानिएका वन क्षेत्र, सिमसार क्षेत्र तथा चुरे वा भू-क्षयको दृष्टिकोणले संवेदनशील क्षेत्र (Hot Spot) घोषणा गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

९४. गुणस्तरीय विरुवा उत्पादनको लागि वन विउको श्रोत पहिचान, व्यवस्थापन, संकलन, भण्डारण तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

९५. काष्ठजन्य पदार्थको माँग र आपूर्ति बीचको सन्तुलन कायम गर्न र वन पैदावारमा आधारित उद्यम विकासका लागि प्रदेशमा निजी वनको प्रवर्द्धन गरिनेछ । साथै निजी र सरकारी वन क्षेत्रबाट काष्ठजन्य वन पैदावारको उत्पादन र आपूर्ति बढाई विदेशबाट हुने आयातलाई प्रतिस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

९६. निजी, सार्वजनिक, सरकारी वनमा आधारित कार्वन व्यापारका लागि अन्तर्राष्ट्रिय संयन्त्र मार्फत भुक्तानीको लागि संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

९७. मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्न जैविक मार्ग तथा सिमसार क्षेत्रको पहिचान, व्यवस्थापन र क्षति न्यूनिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ । पर्सा-कोशी जोड्ने जैविक मार्गको जोखिमयुक्त क्षेत्रहरुको नक्साँकन र व्यवस्थापनको लागि स्थानीय तह र समुदायसँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

९८. अतिक्रमित क्षेत्र तथा वन्य जन्तु संवेदनशील क्षेत्र (Hot Spot) को तथ्याँक सँकलन गरी डिजिटल डाटावेस तयार गरिनेछ ।अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनको लागि प्रदेशस्तरीय छुट्टै रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

९९. प्रदेश नम्बर दुईको सप्तरीदेखि पर्सासम्म फैलिएको चुरे पहाड यस प्रदेशको रक्षा कवजको रुपमा रहेको छ । यस प्रदेशको जनता प्रतिवर्ष बाढी पहिरो पानीको समस्या र कृषि उपज समेतको समस्याबाट प्रताडित रहेका छन् । चुरे क्षेत्रको माटो एकदमै कमजोर छ । कमजोर भू-बनौटका कारण यहाँका ढुङ्गा, गिट्टी निकालियो भने नदीको बहाब तिब्र हुन्छ र तिब्र बहाबले बगाएर ल्याउने बालुवा मधेशमा थुप्रिँदै गैरहेको सर्वविदितै छ । त्यसकारण वन विनश, वतावरणीय स्नतुलन, जैविक विविधताको संरक्षण, पानी मुहान संरक्षणको साथै प्रदेशलाई मरुभूमिकरण हुनबाट जोगाउने कार्यप्रति प्रदेश सरकार प्रतिवद्ध रहेकोले चुरे क्षेत्रको संरक्षणका लागि प्रदेश सरकारले कानूनी, प्रशासनिक लगायत सबै उपाय अबलम्बन गरी विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

१००. चुरे जलाधारको उपल्लो तट र प्रभावित तल्लो तटबीचको अन्योन्याश्रित सम्बन्ध कायम गर्ने नदी प्रणालीमा आधारित योजना तर्जुमादेखि कार्यान्वयनसम्म संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय गर्ने रणनीति लिइनेछ ।

१०१. नदीनालाका ढुङ्गा, गिट्टी, बालुवाको अव्यवस्थित र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यवस्थित गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भार गरी

माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भूमिगत जलस्तर (Ground Level Water) लाई उठाउने कार्य गरिनेछ ।

१०२. माटो तथा पानीको संरक्षण र बाढी नियन्त्रण गर्न जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१०३. पर्यटकीय र पारिस्थितिकीय महत्वका सिमसार, तालतलैया र पोखरीहरुका संरक्षण र प्रबर्द्धन गर्नुका साथै चुरेको फेदीमा रहेका सरकारी र सार्वजनिक जग्गामा हरियालीयुक्त वन विकास गरी चुरेको संरक्षण र त्यस क्षेत्रमा वन्य जन्तुको संरक्षण र पर्यापर्यटनको विकास गर्न निश्चित गुरुयोजना बनाई ब्यापक मात्रामा वृक्षारोपण गर्ने, हरित उद्यान निर्माण गर्ने, जलाशय र भलपानी संकलन गर्ने, पोखरी निर्माण तथा थिग्रायन नियन्त्रण गर्ने जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरी जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम गरिनेछ ।

१०४. “प्रादेशिक पर्यटन पुर्वाधार, आन्तरिक पर्यटनको आधार” भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ प्रादेशिक महत्वका धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पुर्वाधारहरुको जिर्णोद्धार, विकास र प्रवर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठुला लगानीका “एक जिल्ला एक पर्यटकीय गन्तव्य” को कार्यनीति लिई वार्षिक तथा बहुवर्षिय कार्यक्रम तर्जुमा गरिनेछ ।

१०५. प्रदेशको पहिचान झल्कने धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक महत्वको उजागर गर्न प्रदेशका महत्वपूर्ण स्थलहरुमा मिथिला चित्रकला, प्रदेश स्तरीय पर्यटन सम्मेलनको आयोजना लगायत अन्य कला सँस्कृतिको माध्यमबाट संस्थागत रुपमा पर्यटकीय प्रवर्द्धन र संरक्षण गर्ने अभियानको संचालन र प्रदर्शन हुनेछ । ऐतिहासिक महत्वका पर्यटकीय स्थलमा ध्वनी र प्रकाशको संयोजनद्वारा आकर्षण बढाइनेछ।

१०६. पर्यटकीय विशेष गन्तव्यहरु, हरित पैदल मार्ग, पर्यटकीय हरित उद्यान र पर्यटन पुर्वाधारहरुमा बहुवर्षिय र अधिकतम लगानीको माध्यमवाट जलवायुमैत्री, आकर्षक र उच्चतम राजश्व आम्दानी क्षेत्रको रुपमा विकसित गरिनेछ ।

१०७. पूर्व पश्चिम राजमार्ग र सो राजमार्गसँगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँबायाँ मनोरञ्जनात्मक साँस्कृतिक बगैंचावारे सम्भाब्यता अध्ययन र कार्यान्वयन गरी रोड साईड फोहोर व्यवस्थापनको माध्यमद्वारा पर्यटन प्रवर्धनका साथै संस्थागत सुदृढिकरणको लागि पर्यटन सम्बन्धी प्रदेश स्तरीय कानूनी र संस्थागत संरचना तर्जुमा गरिनेछ । प्रदेश भित्र पर्यटन सम्बन्धी गतिविधी संचालन गर्न कम्तिमा २ (दुई) वटा पर्यटन कार्यालयहरुको स्थापना गरिनेछ ।

१०८. एक निर्वाचन क्षेत्र एक बृहत पर्यटकीय हरित पार्कको स्थापना र संचालन गरिनेछ ।

१०९. कोशी टप्पु-जनकपुरधाम-पर्सा राष्ट्रिय निकुञ्ज रुटलाई पर्यापर्यटनको केन्द्रको रुपमा स्थापना गरी संचालन गरिनेछ ।

११०. दुधमती-महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीय करिडोरको रुपमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१११. संघीय सरकारको समन्वयमा पर्सा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई प्रमुख प्राकृतिक गन्तव्यको रुपमा विकास गर्न आवश्यक सहयोगको दायरा बृद्धि गर्दै हरित अभियानको हिस्साको रुपमा विकसित गरिनेछ ।

११२. धनुषाधाम संरक्षित वनलाई प्रदेशकै लागि गौरव हुने "वन्यजन्तु उद्धार केन्द्र तथा जुलोजिकल पार्क" को रुपमा विकसित गरिनेछ । प्रदेश भित्रका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुलाई समेटेर पर्यटकीय सर्किट निर्माण गरिनेछ ।साथै नेपालका सबै जिल्लाका शिक्षा, स्वास्थ्य, विकास, रहनसहन, जनजीवन, ईतिहास, भूगोल तथा

गौरवपूर्ण विषयवस्तुलाई समेटेर प्रादेशिक भाषामा समेटिएको वृत्त चित्र मार्फत देशदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।

११३. प्रदेशमा आउने पर्यटकहरुलाई प्रदेश भित्र लामो समयसम्म बस्न सक्ने वातावरण बनाउन प्रदेशको उपयुक्त स्थानमा Miniature of Nepal सहितका पर्यटकीय पुर्वाधारहरु भएको “नेपालको आँखीझ्याल The Window of Nepal” परियोजनाको संभाब्यता अध्ययन सहित निर्माणको थालनी गरिनेछ ।

११४. प्रदेश सरकारले स्वच्छ र सफा प्रदेश अभियान लागू गर्नेछ । स्थानीय तहसँग समन्वय र सहकार्य गरी महानगरपालिका, उपमहानगरपालिका र महत्वपूर्ण शहरहरुलाई हरित तथा स्वच्छ शहरमा रुपान्तरण गर्न शहरी वृक्षारोपण, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालय निर्माणको अभियानलाई व्यापक रुपमा सञ्चालन गरिनेछ ।

११५. जलउत्पन्न प्रकोप विपद व्यवस्थापन गरी नदी नियन्त्रण तथा नदी उकास जग्गाको समुचित उपयोगबाट रोजगारी सिर्जना गर्नुको साथै नदी तटीय क्षेत्रलाई स्वच्छ तथा सुन्दर बनाईनेछ ।

११६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोखिममा परेका क्षेत्र, पारिस्थिकिय प्रणाली, घरधुरी र समुदायको पहिचान गरी आधारभुत तथ्याँक संकलन गर्ने र उत्थानशिल जिविकोपार्जनका साथै अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

११७. जलवायु परिवर्तन अनुकूलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी, भ्रमण र श्रोत साधनको व्यवस्था मिलाइनेछ ।

११८. संघीय सरकारसंग सहकार्य गरी वायु प्रदूषण मापन केन्द्र स्थापनामा जोड दिइनेछ । प्रदेशमा सञ्चालित उद्योगहरुबाट निस्कने प्रदूषण तथा फोहोरमैला विसर्जनका लागि वातावरणीय मापदण्डको नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

११९. प्रदेशमा ईंटा उद्योग स्थापनाको बढ्दो मागका कारणले कृषि योग्य जमिनमा ह्रास आई खाद्य सुरक्षामा संकट उत्पन्न हुन सक्ने र वायु प्रदूषणमा वृद्धि हुने विषयलाई अध्ययन अनुसन्धान गरी त्यसका आधारमा आगामी नीति र रणनीति तर्जुमा गरिनेछ ।

१२०. प्रदेशको जनकपुरधाम तथा बीरगंजमा Planetarium (नभ मण्डल) निर्माण तथा सञ्चालन गर्न सम्भाब्यता अध्ययन गरी योजना कार्यान्वयन गरिनेछ ।

१२१. विज्ञान तथा प्रविधिको विकासका लागि विश्वविद्यालयहरुसँग सहकार्य गरी अध्ययन अनुसन्धानका क्षेत्रहरु पहिचान गरी अनुसन्धान कार्यहरुलाई अझ संस्थागत गरी अगाडि बढाईनेछ ।

१२२. प्रादेशिक स्तरमा वन, वातावरण, उद्योग तथा वाणिज्यसंग सम्बन्धित अपराधहरुको अनुसन्धान तथा तहकिकातको प्रयोजनको लागि प्रादेशिक विज्ञान प्रविधि प्रयोगशाला र खाद्य परीक्षण तथा प्रमाणीकरण प्रयोगशाला स्थापनाको लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

१२३. प्रदेशमा भएका तथा नयाँ प्रवर्द्धित उद्योगहरुलाई कोभिड-१९ को प्रभावबाट न्युनिकरण गर्न र दिगोपना दिन उद्योगहरुलाई अनुदान र सहुलियतपूर्ण ऋणको लागि समन्वयकारी भुमिका खेल्ने, साथै सीप तथा उद्यमशिलता विकास, तालिम, सूचना प्रवाह, प्रविधि हस्तान्तरण, लगानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला, आदि औद्योगिक प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिनेछ ।

१२४. प्रदेशको अर्थतन्त्र परम्परागत कृषि प्रणाली र विप्रेषण (Remittance) मा निर्भर रहेकोमा प्रदेशमा विद्यमान स्रोत र साधनमा आधारित उद्योगहरु सञ्चालन गर्न सम्भावनाहरूको अध्ययन गर्ने र प्रदेशमै लगानी बढाउन उत्पादनमूलक क्षेत्रमा पूँजी तथा बौद्धिक सम्पत्तीको उपयोग गरी स्वरोजगारका अवसरहरु बढाई लगानीकर्तालाई प्रोत्साहित गरिनेछ ।

१२५. स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधन, श्रम र सीपको उपयोग हुने, कृषि, जडीबुटी, पर्यटन, सूचना प्रविधि तथा स्वास्थ्य सेवा लगायत दीगो र उच्च प्रतिफल दिने, निर्यात प्रर्बद्धन र आयात प्रतिस्थापन गर्ने लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको विकासको वातावरण सिर्जना गरी प्रदेशमा औद्योगिक विकासको गतिलाई तीव्रता दिइनेछ र वैदेशिक रोजगारी माथिको निर्भरतालाई क्रमशः न्यून गरिनेछ ।

१२६. औद्योगिक सुरक्षा, सहज श्रम सम्बन्ध, उर्जाको नियमितता, औद्योगिक पूर्वाधार, दक्ष जनशक्ति, नवीन प्रविधिद्वारा उत्पादकत्व बृद्धि, निर्यात योग्य वस्तुहरूको उत्पादनमा विविधता र सवल आपूर्ति व्यवस्थापन जस्ता पक्षमा ध्यान दिइनुका साथै औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गरिनेछ ।

१२७. सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवं बृहत् आधार सहितको औद्योगिक विकासको माध्यमबाट अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्याई गरिवी न्युनिकरणमा सघाउ पुर्याइनेछ ।

१२८. प्रदेश सरकारी नीति, नियम, कार्यशैली, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरूप, वित्तप्रबन्ध, मजदुर सम्बन्ध, श्रम उत्पादकत्व, औद्योगिक पूर्वाधारको अवस्था, दक्ष श्रमशक्तिको उपलब्धता, नवीनतम प्रविधिको उपयोग, कच्चा पदार्थको भण्डारण, तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी यथार्थपरक र व्यवहारिक कार्यनीतिक योजना र कार्यक्रम सहित विश्वसनीय औद्योगिक लगानीमैत्री वातावरण तयार गर्न चालिएको कदमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइनेछ ।

१२९. स्थानीय स्रोत, कच्चापदार्थ, सीप र साधनको परिचालन, नविनतम प्रविधि एवं वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवं भरपर्दो आर्थिक क्षेत्रको रूपमा स्थापित गरिनेछ ।

१३०. सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणालीको विकास गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्दै आपूर्ति व्यवस्थापन चुस्त बनाउन ऐन, कानून निर्माण तथा बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ । साथै महामारी तथा बिपदको अवस्थामा आधारभूत र अत्यावश्यक वस्तुको सहज र सुलभ भण्डारण तथा वितरण प्रणालीको विकास गरिनेछ ।

१३१. औद्योगिक/व्यवसायिक प्रतिष्ठानले आफ्ना उत्पादन तथा रोजगारी सृजनाका माध्यमबाट समाजलाई प्रदान गरेको योगदानलाई कदर गर्दै उद्योगी तथा व्यवसायीका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३२. प्रदेशको प्रमुख औद्योगिक नगरीको रुपमा रहेको बीरगंजमा औद्योगिक प्रतिष्ठानहरुको सहजताको लागि प्रदेश उद्योग विभाग स्थापना गरिनेछ ।

**माननीय सदस्यहरु,**

१३३. प्रदेशलाई कृषिप्रधान प्रदेशको रुपमा विकास गर्ने अवधारणा अन्तर्गत भूमिगतजलको प्रयोग गरी डिप ट्युववेल जडानको कार्यलाई अझ सघनताका साथ विस्तार गरिनेछ । साथै सिंचाईको लागि सोलार र विद्युतीय टयुवेललाई थप प्रोत्साहित गरिनेछ ।

१३४. प्रदेशको खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सेवा पुर्याउन क्रमागत मझौला सिंचाई आयोजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ । साथै सिंचाई योजनाहरुको मर्मत संभार तथा अन्य आवश्यक संरचनाहरु निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३५. सतह सिंचाईको सुबिधा उपलब्ध गराउन नसकिने क्षेत्रहरुमा भूमिगत जलको उपलब्धताको आधारमा प्रदेशका आठ वटै जिल्लाहरुमा डिप ट्युवेल क्लस्टर तथा विद्युतीकरण सहितको पावरड्रिल ट्युवेल क्लस्टर बनाई ट्युवेल सिंचाई प्रणालीलाई निरन्तरता दिइनेछ ।

१३६. अविरल वर्षाको कारणले हुन सक्ने डुवान तथा नदि कटानको कारणबाट उच्च जोखिममा रहेका गाउँ बस्ती संरक्षण गर्ने कार्यको साथै नदी नियन्त्रण कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

१३७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्लाका सदरमुकामहरुमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने कार्य अगाडि बढाइनेछ ।

१३८. प्रदेश भित्रका ग्रामिण तथा दुर्गम बस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजना लाई प्राथमिकता दिइनेछ । साथै ढल्केवर, लालगढ, बर्दिवास, धारापानी लगायतका पानीको अभाव रहेको चुरे क्षेत्रहरुमा खानेपानीको विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. वातावरणीय सरसफाई एवं स्वच्छता प्रवर्द्धन गर्न वातावरणीय सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ । आठै जिल्लाका सदरमुकामहरुमा तथा मुख्य हाट-बजार तथा अन्य सार्वजनिक स्थलहरुमा आवश्यकता पहिचान गरी सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४०. नदी तथा खोलाहरुमा चुरे क्षेत्रबाट आएको बालुवालाई नियन्त्रण गर्न एकीकृत जलाधार व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिइनेछ ।

१४१. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई प्रवर्द्धन गरी आगामी वर्ष सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत प्रदेशको आठ वटै जिल्लामा सौर्य उर्जा प्लान्ट निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ । विपन्न परिवारलाई विशेष अनुदान दिई बायोग्याँस, सोलार, आदि प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१४२. "जहाँ सडक, तहाँ विकास" को नारालाई सार्थकता प्रदान गर्न विभिन्न जिल्लाहरुमा विस्तृत सम्भाव्यता अध्ययन गरी प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग र स्थानीय सडक पहिचान गरी प्रदेश भित्रका सडकहरुको विस्तृत इन्भेन्टरी बनाइनेछ । प्रदेश अन्तर्गतका प्रत्येक निर्वाचन क्षेत्रमा ५ कि.मि. सडकहरु कालोपत्रे गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४३. प्रदेशभित्रका सडकहरुको मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४४. प्रदेश भित्रको यातायात क्षेत्रलाई सुदृढिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४५. प्रत्येक पालिकामा वडादेखि पालिकाको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।साथै यस्ता निर्माण कार्यमा स्वदेशी निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

१४६. प्रदेशभित्र प्रस्तावित वा सञ्चालित रहेको राष्ट्रिय गौरवका योजनाहरु दोश्रो अन्तराष्ट्रिय बिमानस्थल निजगढ, हुलाकी सडक, जनकपुरधाम-जयनगर रेल्वे, सुनकोशी-मरीन र सुनकोशी-कमला डाइभर्सन जस्ता आयोजनालाई समयमै सम्पन्न गर्न संघीय सरकारसँग थप समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. पर्सा जिल्ला देखि सप्तरी जिल्ला सम्मको करिब २५० किलोमिटर सम्मको सडकलाई "मधेशी शहिद राजमार्ग" को रुपमा पहिचान दिन अध्ययन कार्य प्रारम्भ भइसकेको छ । यस कार्यलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

१४८. प्रदेश सरकारले प्रादेशिक परिवहन सेवा संचालन गर्ने नीतिलाई निरन्तरता दिई पहिलो चरणमा बस खरिद भई हाल संचालनको प्रक्रियामा रहेको बीरगंज-जनकपुरधाम, बीरगंज-राजविराज र जनकपुरधाम-राजविराज बस सेवा सार्वजनिक निजी साझेदारीको आधारमा सञ्चालन गरिनेछ । साथै सेवाको प्रभावकारिताको आधारमा क्रमशः प्रदेशको सबै जिल्ला सदरमुकामहरुमा संचालन गरिनेछ ।

१४९. आपतकालीन वाहन, यन्त्रहरुलाई उद्धारको लागि परिचालन गर्ने दृष्टिकोण राखी यस प्रदेश भित्र रहेका प्रत्येक सार्वजनिक सडकहरुमा प्रादेशिक सडक गुरुयोजना बनाई सोही अनुरुप सडक स्तरोन्नती गर्ने नीतिलाई कायमै राख्दै सोहीअनुसार आवास व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

१५०. प्रत्येक गाउँ, शहरको बसोबासलाई व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ । हरेक ५० घरको लागि एउटा सार्वजनिक दलान एवं सार्वजनिक खुला ठाउँको व्यवस्था, आवासीय भूमिलाई सदुपयोग गर्न व्यवस्थित बस्ती विकास तथा जमीनलाई वर्गीकरण गरिनेछ ।

१५१. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र जेष्ठ नागरीक आवास कार्यक्रमलाई यस आर्थिक वर्षमा सम्पन्न गरी उक्त योजनालाई क्रमशः महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिका र गाउँपालिकामा समेत विस्तार गरिनेछ ।

१५२. नमूनाको रुपमा प्रत्येक जिल्लामा १/१ वटा आधुनिक र प्रविधिमैत्री बस्ती विकास कार्यक्रम संचालन भईरहेकोमा उक्त स्थानहरुमा एकीकृत पूर्वाधार विकास कार्यक्रमको स्वरुपलाई थप प्रभावकारी बनाईनेछ ।

१५३. स्याटेलाईट सिटीको अवधारणालाई निरन्तरता दिइनेछ । चालु आर्थिक वर्षमा प्रस्तावित स्याटेलाईट सिटी महेन्द्रनगर, कल्याणपुर, गोलबजार, गरुडा, पोखरीया, सिमरौनगढ, बागमती लगायतको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आगामी आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१५४. प्रत्येक जिल्लाको सदरमुकाममा प्रादेशिक अतिथि सदन निर्माण गरिनेछ एवं जनकपुरधाममा मधेश सम्मेलन केन्द्र (Madhesh Auditorium Center) निर्माण गरिनेछ ।

१५५. हाल प्रथम चरणमा जनता आवास कार्यक्रम अन्तर्गत संचालित डोम, मुसहर, मेस्तर र हलखोरको घर निर्माण कार्यलाई निरन्तरता दिँदै क्रमशः अन्य दलित, लोपोन्मुख लगायतको लक्षित वर्गमा यो आवास कार्यक्रम पुर्याइनेछ ।प्रदेश प्रमुख दलित विपन्न स्वरोगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१५६. प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाइने नीतिलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले विशेष जोड दिइनेछ ।

१५७. प्रदेश भित्रका सडकहरुको संरक्षण, सम्वर्द्धन, व्यवस्थापकीय कार्य, नीति तर्जुमा लगायतको कार्यलाई व्यवस्थित गर्न प्रादेशिक सडक बोर्ड गठन गरिने कार्य प्रारम्भ गरिनेछ ।

१५८. जनकपुरधाम रेल्वेसँग जोडिने गरी जनकपुरधाममा ड्राइपोर्ट निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१५९. स्मार्ट सवारी चालक पहिचानपत्र प्रदेशबाट नै वितरण गर्ने कार्यलाई प्रारम्भ गरि प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१६०. सवारी यातायातलाई थप व्यवस्थित बनाउन प्रदेश भित्र कम्तिमा दुई स्थानमा आधुनिक सुविधा सहितको रिफ्रेस सेन्टर स्थापना गरिनेछ ।

१६१. जनताको हक, अधिकारको लागि आजीवन संघर्ष गर्नु भएका अथक योद्धा स्व.गजेन्द्र नारायण सिंह, गणतन्त्र स्थापनाको लागि जीवनपर्यन्त संघर्ष गर्नु भएका गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिंहको शालिक स्थापना कार्यको साथै सहिद दुर्गानन्द झाको शालीक जनकपुरधाममा निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१६२. वातावरणीय अनुकूलतालाई दृष्टिगत गर्दै प्रदेशका मुख्य क्षेत्रहरुमा विद्युतिय सवारी साधन तथा मेट्रो रेलको सम्भाव्यता अध्ययनको कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

१६३. बीरगंज महानगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकाको सहकार्यमा व्यवस्थित विकासका लागि बीरगंज विकास प्राधिकरण तथा जनकपुरधाम विकास प्राधिकरण स्थापना गरिनेछ ।

**माननीय सदस्यहरु,**

१६४. रोजगारविहीन दैनिक ज्यालादारीमा काम गर्ने मजदूर तथा विपन्नवर्गका नागरिकहरुलाई राहत प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कोभिडबाट रोजगारी गुमाएका श्रमिकवर्ग, विपन्न तथा शहिद परिवारका आश्रितहरुका लागि स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

१६५. कोभिड-१९संक्रमणको कारण मृत्युभएका प्रदेशका नागरिकहरुको आश्रितलाई र भेन्टीलेटरमा उपचाररत कोभिड संक्रमितलाई प्रदेश सरकारले राहत सहयोग दिने नीति लिनेछ ।

१६६. प्रदेश सरकारको आन्तरिक राजस्व अभिवृद्धि गर्न संविधानले दिएको अधिकार क्षेत्रको उपयोग गर्दै विद्यमान करको दायरालाई फराकिलो बनाउने र राजश्व प्रशासनका लागि आवश्यक प्रादेशिक संरचना स्थापना गरिनेछ ।

१६७. प्रदेश सरकारको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने कार्यालयको संस्थागत सुधार तथा क्षमता अभिवृद्धि गरी प्रविधिमैत्री प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

१६८. हरित, बदलिदो परिस्थितिसँग मिल्दो तथा समावेशी विकासलाई प्राथमिकतामा राखी प्रदेश सरकारले आर्थिक स्थिरता र दिगो आर्थिक बृद्धिलाई जोड दिइनेछ ।

१६९. प्रदेश सरकारको सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्न विनियोजन दक्षता अभिवृद्धि गर्दै प्रदेश सरकारले निर्धारण गरेका लक्ष्य र उद्देश्य प्राप्त गरी अधिकतम प्रतिफल हासिल गरिनेछ । प्राप्त प्रतिफलको समन्यायिक वितरण गरी प्रदेशको स्रोत र साधनको पहुँचमा सामाजिक न्याय कायम गरिनेछ ।

१७०. वित्तीय सुशासन कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, तथा नियमावली, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कानूनहरुको निर्माण गरिनेछ । कार्यान्वयनमा रहेका आर्थिक कानूनहरुको पूनरावलोकन गरी समयसापेक्ष परिमार्जित गरिनेछ । मानव संशाधनको सवलीकरण गर्न वित्तीय अनुशासन, सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

१७१. आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न प्रादेशिक परियोजना अनुगमन प्रणाली (Provincial Project Monitoring System-PPMS) तयार गरी लागू गरिनेछ ।

१७२. प्रदेश सरकारको सम्पतिको अभिलेखीकरण गर्न प्रदेश सम्पति सूचना प्रणालीको विकास गरी लागू गरिनेछ ।

१७३. प्रदेश सरकारको वेरुजु अभिलेखलाई व्यवस्थित गर्न वेरुजु फछ्र्यौट कार्ययोजना तथा अभिलेख सूचना प्रणाली लागू गरिनेछ ।

१७४. तुलनात्मक लाभका क्षेत्रहरुमा लगानी गरी दिगो आर्थिक वृद्धि हासिल गर्न प्रदेशको आयोजना बैङ्कमा रहेका आयोजनाहरु मध्ये सार्वजनिक-निजी-साझेदारीमा आधारित आयोजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

१७५. प्रदेशका महत्वपुर्ण तथा प्राथमिकता प्राप्त आयोजनाहरुको विस्तृत विवरण सहितको प्रदेश आयोजना बैंकको निर्माणको काम अन्तिम चरणमा रहेको छ । यस अन्तर्गत सार्वजनिक, निजी तथा सहकारिताको अवधारणा अनुरुप प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सकिने आयोजनाहरु समेटिएको छ । परियोजना बैंकको आधारमा प्रदेशका सम्भावित लगानीका क्षेत्रहरु पहिचान गरी उद्योगी व्यवसायीहरुलाई प्रदेशमा लगानीको लागि आर्कषित गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकासको अवधारणालाई कार्यान्वयन गर्न सार्वजनिक निजी साझेदारी ऐनको तर्जुमा गरिनेछ ।

१७६. "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७" निर्माण भै कार्यान्वयनमा आइसकेको छ । यसलाई अझ व्यवस्थित बनाउन प्रदेश औद्योगिक व्यवसाय नियमावलीको निर्माण गरिनेछ । प्रदेशको आर्थिक विकासको लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । प्रदेशमा उद्योग व्यवसाय दर्ता गरी लगानी गर्न इच्छुक लगानी कर्तालाई प्रदेश सरकारले निर्धारण गरे अनुसारको विशेष सुविधा उपलब्ध गराइनेछ ।

१७७. प्रदेश औद्योगिक व्यवसाय ऐन तथा नियामावलीको कार्यान्वयन पश्चात जिल्ला स्थित उद्योग कार्यालयहरुबाट उद्योग दर्ता, संचालनमा प्राविधिक सहयोग तथा समस्या निराकरणका लागि आवश्यक सल्लाह सेवा उपलब्ध गराइनेछ । एकद्वार प्रणालीको अवधारणामा उद्योग कार्यालयहरुबाट सेवा सञ्चालन गरिनेछ ।

१७८. कृषि र गैर कृषि उत्पादनहरुलाई बजार पहुँच तथा बिचौलियाको चंगुलवाट बचाउन कृषि एम्बुलेन्स सेवा, न्यूनतम मूल्य निर्धारण र ढुवानी नगद अनुदान, प्रदेश र स्थानीय सरकारद्वारा प्राथमिकता युक्त दरमा खरिद तथा किसान र उपभोक्ताका सहकारी संस्थाहरुलाई अनुदान उपलब्ध गराइनेछ ।

१७९. कोभिड-१९ बाट प्रभावित पर्यटन क्षेत्र र होटल व्यवसायको पुनरुत्थान गर्न आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि गरिएका निषेधाज्ञाका कारण प्रभावित यातायात क्षेत्र तथा उद्योग ,व्यवसाय लक्षित सहुलियत कार्यक्रम ल्याइनेछ ।

१८०. औद्योगिक क्षेत्र र औद्योगिक करिडोरमा रहेका उद्योगहरु लगायत प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरु यथाशीघ्र पूर्ण क्षमतामा संचालन हुन श्रमिक आपूर्ति र श्रमिकको

सुरक्षा, कच्चा पदार्थको आपूर्ति र ढुवानी सहजता एवं अन्य सुविधाहरुको प्याकेज प्रदान गर्दै थप लगानी ल्याउने वातावरण निर्माण गरिनेछ ।

१८१. प्रदेशको समृद्धि र विकासका लागि विद्यमान औद्योगिक कोरिडोरहरुको बिकास गर्दै थप प्रादेशिक औद्योगिक क्षेत्र लगायत बीरगंज-ठोरी, ढल्केवर-भिट्टामोड कोरिडोर र रेल्वेमार्ग करिडोरहरुको सम्भाव्यता अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।

**माननीय सदस्यहरु,**

१८२. मानवअधिकार उल्लंघनका घटनाहरुमा प्रदेश सरकारले आठवटै जिल्लामा गरीव, विपन्न तथा असहायलाई दिँदै आएको निःशुल्क कानूनी सहायता कार्यक्रमलाई अझ प्रभावकारी बनाई पालिका तहसम्म पुरयाइने छ ।

१८३. प्रदेशका प्रचलित कानूनहरुको आवधिक समीक्षा तथा पुनरावलोकन गरी संशोधन गर्न वा नयाँ कानून बनाउनु पर्ने आवश्यकताका बारेमा अध्ययन गरिनेछ । साथै संविधानले सुनिश्चित गरेका प्रदेशको स्वायत्तता तथा क्षेत्राअधिकार संकुचन हुन नदिन बरिष्ठ संविधानविदहरुको सहयोग लिई सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधिन तथा थप दायर हुन सक्ने मुद्दाहरुको प्रभावकारी ढंगले प्रतिरक्षा गर्न संयन्त्र निर्माण गरिने छ ।

१८४. प्रदेशभित्र रहेका हिरासत कक्ष तथा कारागारहरुको नियमित अनुगमन गरी आवधिक प्रतिवेदन सार्वजनिक गरिनेछ । साथै कारागारहरुमा रहेका कैदीहरुको सामाजिक सेवा तथा पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुर्‍याउनका लागि "प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड" गठन गर्न आवश्यक पहल गरिनेछ ।

१८५. मधेश आन्दोलनका शहिद परिवारको सम्मान तथा संरक्षणको लागि स्वरोजगार, रोजगार, स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गरिने छ । **मधेश शहिद प्रतिष्ठान**को कार्य प्रभावकारी वनाई मधेश आन्दोलन लगायतका आन्दोलनका शहिद तथा पिडित

परिवारको सम्मान तथा संरक्षणको लागि स्वरोजगार, स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गरिने तथा एक परिवार एक रोजगार वा भरणपोषणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

१८६. प्रदेश भित्र शान्ति सुरक्षा तथा प्रदेशको सेवामा समर्पित प्रहरीहरुको आत्म सुरक्षाको व्यवस्थापनलाई प्रभावकारी वनाउन प्रहरी कार्यालयहरुको भवन तथा पूर्वाधारको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१८७. प्रदेश भित्र अपराधिक गतिविधि नियन्त्रण गर्न विभिन्न स्थानहरुमा प्रहरी तथा स्थानीय तहहरुसँगको सहकार्यमा CCTV Camera जडान गरी अनुगमन तथा अपराध नियन्त्रण कार्य गरिनेछ । यस्तै गस्ती तथा अपराधिक गतिविधि नियन्त्रणको लागि अत्यावश्यक उपकरण तथा सवारी साधनको व्यवस्थापन गरिने छ ।

१८८. सुरक्षित वेटी अभियान, वाल हिंसा, घरेलु हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु प्रहरी, स्थानीय तह तथा विद्यालयहरुको सहकार्यमा संचालन गरिनेछ ।

१८९. प्रदेशका सवै जिल्लामा लागू औषध दुर्व्यषण रोकथाम तथा नियन्त्रणको रोकथाममूलक र प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९०. सीमा क्षेत्रमा निगरानी तथा अपराधिक घटना नियन्त्रणका लागि संघीय सरकारसँग अपराधिक घटना न्यूनिकरण गर्न सहकार्य गरिनेछ । सीमा क्षेत्रमा निगरानी तथा अपराधिक घटना नियन्त्रणका लागि संघीय सरकारसँग समन्वय गरी प्रदेश प्रहरी समायोजन तथा रिक्त पदपूर्ति कार्य साथै प्रदेश प्रहरीको क्षमता अभिवृद्धिको कार्य अगाडि बढाइने छ ।

१९१. विपद् व्यवस्थापन योजना अनुसार प्रदेश भित्रका विपद्का संभावित जोखिम न्यूनीकरण गर्न सचेतनामूलक तथा विपद पश्चात राहत, उद्धार तथा पुनरस्थापना कार्यक्रमहरु संचालन गरिने छ। विपद्को पूर्व तयारी, खोज तथा उद्धार, राहत वितरण, पुनस्थापना र

पुनर्निर्माण लगायतका सवै चक्रलाई मननगरी समन्वयात्मक गतिविधिहरु कार्यान्वयनमा ल्याइनेछ । प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी वनाइने छ ।

१९२. प्रदेश अन्तर्गतका कारागारहरुको सुधार तथा सुधार गृहको निर्माण गरिने छ। कारागारहरुको मर्मत सुधार तथा कारागारमा रहेका बन्दीहरुलाई आय आर्जनमा सहयोग पुग्ने स्वरोजगारमूलक आवश्यक तालिम संचालन तथा कारागार भित्र पुस्तकालयको विकास गरिने छ ।

१९३. न्यायिक तथा अर्ध न्यायिक निकायहरुको कार्य सम्पादनलाई प्रविधिमैत्रि बनाउन तथा नागरिकको सहज र सुलभ सेवा प्राप्तिका लागि आवश्यक पूर्वाधार निर्माण कार्यमा सहयोग गरी न्यायिक निकाय तथा अर्ध न्यायिक निकायहरु र प्रदेश सरकारका कानूनी संयन्त्रहरु बीच समन्वय तथा सहकार्यलाई प्रभावकारी वनाइनेछ ।

१९४. राज्य प्रदत्त सेवा सुविधाहरुमा नागरिकहरुको न्यायिक पहुँच स्थापित गर्न प्रदेश कानूनहरु बारे सरोकारवालाहरुसँग अन्तक्रिया र न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१९५. प्रदेश सरकारका मंत्रालयहरु/ विभागहरु / निकायहरुबाट उत्पादन हुने बिज्ञापन/ सुचना यसै प्रदेशका संचारमाध्यमहरुबाट प्रकाशित एवं प्रसारित गरिने नीति अवलम्बन गरी प्रादेशिक संचार माध्यमहरुलाई प्रोत्साहित गरिनेछ ।

१९६. प्रदेश भित्रका संचार माध्यहरुको अभिलेखीकरण तथा सवलीकरण गरी प्रदेश सरकार एवं मातहतका निकायहरुको लोककल्याणकारी सूचनाहरुलाई एकद्वार प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।

१९७. आगामी आर्थिक बर्ष देखि लोककल्याणकारी विज्ञापन प्रादेशिक संचार माध्यमहरुबाट समेत प्रकाशित र प्रसारित गरिनेछ ।

१९८. पत्रकारहरुलाई प्रोत्साहन गर्न पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति तथा महिला पत्रकारहरुको लागि विशेष सुरक्षा कार्यक्रम संचालन गरिनेछ। साथै पत्रकारहरुको क्षमता अभिबृद्धिको लागि पत्रकार प्रशिक्षण कार्यक्रमको सञ्चालन गरिनेछ।

१९९. सूचना तथा सामाचारको संप्रेषणलाई व्यवस्थित बनाउन "प्रदेश मुद्रण छापाखाना" तथा "प्रदेश रेडियो" को स्थापना तथा संचालन गरिनेछ ।

२००. चलचित्र क्षेत्र तथा पर्यटकीय विकासको लागि प्रदेश सरकारको समन्वय तथा सहयोगमा Digital Film Plateform र प्रदेश चलचित्र नगर Province Film City को विकास गरिनेछ ।

**माननीय सदस्यहरु,**

२०१. प्रदेश निजामति सेवा ऐन कार्यान्वयनको चरणमा रहेको छ । यस ऐन बमोजिम प्रदेश लोकसेवा आयोगले प्रदेश भित्रको रिक्त पदपूर्तिको कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यको शुरुवात गरिसकेको छ । प्रदेश कार्यालयहरुको रिक्त दरबन्दी एवम् बढुवाबाट पदपुर्ति हुने पदहरुको स्वीकृत कार्य योजनानुसार विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, अन्तरवार्ता र नतिजा प्रकाशन लगायतका कार्यहरु सञ्चालन गरिनेछ । प्रदेश सरकारको स्वामित्वमा रहेको संगठित संस्थाका पदपुर्ति प्रकृयालाई समेत प्रदेश लोकसेवा आयोग मार्फत अघि बढाइनेछ ।

२०२. प्रदेशमा सामाजिक रुपान्तरणका लागि सुरुवात गरिएको बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी मुद्दति बीमा योजना अन्तर्गत प्रदेश भित्र कार्यक्रम लागू भएपश्चात छोरी बीमा कार्यक्रम लोकप्रिय भएको छ । हालको व्यवस्था अनुसार बीस बर्ष पश्चात्त ती छोरीहरुले न्यूनतम तीन लाख नगद प्राप्त गर्ने छन् । सामाजिक रुपान्तरणको यस अभियानलाई अझ परिष्कृत र सशक्त ढंगले अगाडि बढाइनेछ ।

यस अभियान अन्तर्गत छोरी शिक्षा छात्रवृत्ति, छोरी लोकसेवा तयारी कक्षा, आर्दश विवाह, साइकल वितरण, ल्यापटप र छोरीहरुको राज्य संरचनामा पचास प्रतिशत सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिनेछ ।

२०३. मुख्यमन्त्री दलित गरीब आवास योजना अन्तर्गत आठवटै जिल्लामा दलित गरीबहरुको लागि निःशुल्क आवास निर्माण कार्यको प्रारम्भ भैइसकेको छ । नमूना दलित गरीव आवाश योजनालाई निरन्तरता दिइनेछ ।

२०४. प्रदेश सरकारले प्रदान गर्ने सेवा सुबिधालाई सेवाग्राही मैत्री सरल र सहज बनाउन प्रदेश सरकारका प्रशासनिक इकाईहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रादेशिक संरचनाको पुनरावलोकन गरिनेछ । मधेश भवन परिसरमा सेवाग्राही मैत्री आधुनिक सुबिधा सम्पन्न प्रशासनिक भवन निर्माण गरिनेछ ।

२०५. प्रदेश निजामति कर्मचारीको विवरण व्यवस्थित र वैज्ञानिक रुपमा अभिलेखिकृत गर्न प्रदेश निजामति किताबखानाको स्थापना गरिनेछ ।

२०६. प्रदेश तथा स्थानीय तहका राजनैतिक नेतृत्व तथा प्रशासनिक र प्राबिधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्न प्रदेशमा प्रादेशिक प्रशिक्षण प्रतिष्ठानको स्थापनाका लागि कानूनको निर्माण गरी प्रादेशिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिनेछ ।

२०७. प्रदेशमा गरिने बिकास निर्माण कार्यको प्रभावकारीता एवं गुणस्तरको सुनिश्चितताका लागि कानूनी संरचनाको निर्माण गरी प्रदेशमा एक सुबिधा सम्पन्न प्राबिधिक परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

२०८. E-Governance को अवधारणा अन्तर्गत प्रदेशका काम कारवाहीमा आम नागरिकहरुको सहज पहुँचका लागि डिजिटल सूचनामैत्री सूचना प्रविधिको विकासलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । प्रदेशका विभिन्न निकायहरुबाट प्रदान

गरिने सेवालाई नागरिकको सहज पहुँचको लागि नागरिक APPS सँग आवद्ध गर्ने कार्यालाई प्राथमिकता दिइनेछ ।

२०९. प्रदेश सरकारको भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ । सार्वजनिक सेवालाई जनमुखी, नतिजामुखी, जवाफदेही र पारदर्शी बनाई सुशासनको प्रत्याभूति गराइनेछ । यसका लागि सार्वजनिक प्रशासनको संस्थागत तथा संरचनात्मक सुधार, जनशक्ति व्यवस्थापन र पूर्वाधार विकासमा जोड दिइनेछ ।

२१०. जन-गुनासो तथा विकासका अवरोधलाई अबिलम्व सुनुवाई गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रदेशवासीको समस्या तथा गुनासो सुन्ने संयन्त्रको निर्माण गरिनेछ । माननीय मुख्यमन्त्रीको उपस्थितिमा जिल्लाका विभिन्न स्थानहरुमा "अपनेके सरकार अपनेके द्वार" कार्यक्रमको शुरुवात गरी विकास कार्यको अनुगमन, जनताको वास्तविक आवश्यकताको पहिचान, गुनासो तथा सुझाव संकलन र सामाधान गरिने कार्यको शुरुवात गरिनेछ ।

२११. "मुख्यमन्त्री स्वच्छता अभियान" अन्तर्गत प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तिमा १/१ वटा पोखरीको सौन्दर्यीकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिने कार्यको शुभारम्भ भैसकेको छ । प्रदेश सरकारले ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गरी वातावरण संरक्षणमा योगदान पुर्‍याउने र पर्यटकीय गन्तव्य स्थल बनाई स्वदेशी तथा विदेशी तीर्थ यात्रीहरुलाई प्रदेश भित्र घुम्न आर्कषण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसै गरी बिरगंज महानगरपालिका र जनकपुरधाम उप-महानगरपालिकालाई हरित र स्वच्छ सफा शहरमा रुपान्तरण गर्न शहरी वृक्षारोपण, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालय निर्माणको अभियानलाई बीरगंज महानगरपालिका एवम् जनकपुरधाम उप-महानगरपालिका सँगको सहकार्यमा व्यापक रुपमा सञ्चालन गरिनेछ ।

२१२. मुख्यमन्त्री स्वच्छता अभियानको व्यापकतालाई दृष्टिगत गर्दै अभियानको दिगोपनाका लागि **मुख्यमन्त्री स्वच्छता अभियान प्राधिकरण** गठन गरिनेछ ।

२१३. छात्रा शिक्षा छात्रवृत्ति मार्फत छात्राको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्राहरुलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१४. प्रदेश नीति तथा योजना आयोगको सुदृढिकरण गरी योजना तर्जुमा, नीति विश्लेषण, अनुगमन तथा तथ्याङ्क महाशाखाहरुको लागी पर्याप्त दरबन्दी तथा कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

२१५. नीतिगत अध्ययन अनुसन्धान गरी आवश्यक प्रादेशिक नीति, रणनीति, मार्गदर्शन, कार्यविधि तथा योजनाको निर्माणलाई निरन्तरता दिइनेछ । स्थानीय तहहरुलाई योजनावद्ध विकासका लागि आवधिक योजना निर्माणको लागि सहयोग र समन्वय गरिनेछ ।

२१६. प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाई आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१७. प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ । साथै स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता बिकास का कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

२१८. प्रदेशका बौद्धिक वर्गलाई प्रदेशको विकासमा स्वयंसेवी रुपमा योगदान दिन अभिप्रेरित गर्न अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

२१९. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी प्रादेशिक प्राथमिकताका क्षेत्रहरुमा परिचालन गरिनेछ।

२२०. प्रदेशमा संचालित महत्वपूर्ण योजनाहरुको अनुगमन संयन्त्र मार्फत नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने कामलाई निरन्तरता दिइनेछ ।

२२१. प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिई प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजन गर्ने नीति लिइनेछ ।

२२२. यस नीति तथा कार्यक्रमले कोभिड-१९ का कारण सृजित आर्थिक समस्याहरुलाई प्रभावकारी समन्वय र सहकार्यको माध्यमबाट कार्यान्वयन गरी आर्थिक बृद्धि दर हासिल गर्नुका साथै प्रदेश सरकारको सोच **"उच्च मानव विकास र पहिचान, समृद्ध मधेश समाज"** लाई सार्थक बनाउन महत्वपूर्ण सहयोग पुर्याउने विश्वास लिएको छु ।

२२३. कोभिड-१९ महामारीबाट विश्व नै आक्रान्त भइरहेको विद्यमान परिप्रेक्ष्यमा यस महामारी विरुद्ध सबै पक्षहरुसँग ऐक्यबद्ध भई चुनौतीहरुलाई परास्त गर्न प्रदेश सरकार तत्परताका साथ प्रतिबद्ध रहनेछ । साथै, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनद्वारा प्रदेशको सकारात्मक रुपान्तरण एवम् अग्रगमनमा सम्पूर्ण सरोकारवालाहरुको सार्थक रचनात्मक सहयोग, समन्वय एवम् सहकार्यको हार्दिकता पूर्वक अपेक्षा राखेको छु ।

**धन्यवाद !**